(आ.व.२०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या १५)

आज मिति २०८० साल वैशाख २६ गते मंगलबारका दिन दिउँसो १:०० बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिका सदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिका सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | जैसरा |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

अधिकृत छैठौ श्री चन्द्र देव भट्ट

कम्प्युटर अपरेटर श्री अशोक चौधरी

प्रस्तावहरु :-

१. काठमाण्डौ डेलिगेशन जानु पर्ने भएकोले विविध बिषय छलफल सम्बन्धमा ।

२. निजि श्रोत शिक्षक तलव सम्बन्धमा ।

३. नगर खेलकुद विकास समिति गठन सम्बन्धि कार्यविधि सम्बन्धमा ।

४. खेलकुद [illegible] ...ानी सम्बन्धमा ।

निर्णयहरु :-

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस भजनी नगरपालिकाले भोग्दै आएका समस्या र देहायका विकासका योजना माग गर्न भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीको नेतृत्वमा संविधान सभा सदस्य तथा पुर्व सु.प.प्रदेश सांसद मा.बिरमान चौधरी, स्थानीय समाजसेवी श्री वीर बहादुर हमाल लगायत तपसिल बमोजिमको एक प्रतिनिधि मण्डल सङ्घीय राजधानी काठमाण्डौ अन्तर्गत विभिन्न मन्त्रालय जाने निर्णय गरियो ।

देहाय :-

| सि.नं. | योजनाको नाम | ठेगाना | माग गर्ने मन्त्रालय / निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | बाढी पिडित क्षेत्र घोषणा | भजनी १-९ | रा.वि.व्य.स. गृह मन्त्रालय | |
| २ | निर्माणाधिन भजनी चक्रपथ र भजनी रंगशाला निर्माण | भजनी<br>भजनी-१ | नयाँ शहर आयोजना कार्यालय, शहरी विकास मन्त्रालय | |
| ३ | बाढी सुरक्षीत नमुना वस्ती र जनता अवास कार्यक्रम | भजनी ३,५ र ८ मा भजनी १-९ सम्म | शहरी विकास मन्त्रालय | |
| ४ | नदी डाइभर्सन तथा नियन्त्रण | कान्द्रा, कान्दा मोहना नदीमा | उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय | |
| ५ | मुक्त कमैया तथा हलिया पुर्नस्थापना पापत रकम निकासा / भुक्तानी राय / सहमती माग | भजनी | अर्थ मन्त्रालय | |
| ६ | भजनी न.पा. क्षेत्रमा मालपोत | भजनी आसपास | भूमी व्यवस्था, सहकारी तथा | |

केवल चौधरी

| | | | | |
|---|---|---|---|---|
| | तथा नापी कार्यालय स्थापना | | गरिवी निवारण मन्त्रालय | |
| ७ | छुट मुक्त कमैया, कमलहरी पुर्नस्थापना कार्यक्रम | भजनी १-९ सम्म | भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | |
| ८ | लालबोझी पृथ्वीपुर छोटी भन्सार स्तरोन्नती | भजनी-५ | अर्थ मन्त्रालय | |
| ९ | नेपाल भारत सिमाना भजनी ५ गुलरिया मोहना नदीमा पक्की पूल निर्माण | भजनी-५ | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | |
| १० | भजनी ४ र ५ जोडने पहलवानमा पक्की पूल माग | भजनी ४ र ५ | भौतिक पूर्वाधार मन्त्रालय | |
| ११ | भजनी ८ जनकपुर र टीकापुर ७ बेलुवाघाट जोडने पथरैय्या नदीमा पक्की पूल माग | भजनी ८ र टीकापुर ७ | भौतिक पूर्वधार मन्त्रालय | |
| १२ | नगर अस्पताल निर्माण | भजनी १ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| १३ | महुन्याल बहुमुखी क्याम्पसमा व्यवस्थापन संकाय थप माग | भजनी १ | विज्ञान शिक्षा तथा प्रविधि मन्त्रालय त्रिभूवन विश्वविद्यालय | |
| १४ | महुन्याल बहुमुखी क्याम्पसको जग्गा भोगधिकार माग | भजनी १ | विज्ञान शिक्षा तथा प्रविधि मन्त्रालय त्रिभूवन विश्वविद्यालय तथा भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | |
| १५ | महुन्याल बहुमुखी क्याम्पसको पर्खाल निर्माण माग | भजनी १ | विज्ञान शिक्षा तथा प्रविधि मन्त्रालय त्रिभूवन विश्वविद्यालय | |
| १६ | स्वास्थ्य तर्फका स्थायी कर्मचारीहरुको अपूग तलव भत्ता माग | भजनी | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |

तपसिल :-

प्रमुख प्रशासकीय अधिकृत श्री नोखिराम ओली

शिक्षा शाखा प्रमुख उप सचिव श्री सूर्यबहादुर सिंह

कैलाश चौधरी
नगर प्रमुख

नगर प्रवक्ता तथा वडा नं.३ का वडा अध्यक्ष श्री विक्रम चौधरी

वडा नं.१का अध्यक्ष श्री धर्मेन्द्र श्रेष्ठ

वडा नं.५ का अध्यक्ष श्री केशव बहादुर बुढा

वडा नं.९ का अध्यक्ष श्री संजीव कुमार चौधरी

कार्यपालिका सदस्य श्री मन देवी चौधरी

कार्यपालिका सदस्य श्री राजमती चौधरी

कार्यपालिका सदस्य श्री शान्ति कुमारी चौधरी

स्थानीय तहमा सक्रिय प्रत्येक राजनीतिक दलहरुबाट १ /१ जना प्रमुख वा प्रतिनिधि

महुन्याल बहुमुखी क्याम्पस व्यवस्थापन समिति अध्यक्ष श्री टंक प्रसाद जोशी

महुन्याल बहुमुखी क्याम्पस व्यवस्थापन समिति उपाध्यक्ष श्री सुरेन्द्र प्रसाद जैशी

भजनी उद्योग वाणिज्य संघका सचिव श्री जय बहादुर बुढा

सहायक पाचौ श्री देवराज चौधरी

स्वकीय सचिव श्री धन सिंह कुडमाल

मुक्त कमैया समाज प्रतिनिधि श्री रामबल डगौरा

**निर्णय नं.२** प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा निजि श्रोत शिक्षक सिकाई पारिश्रमिक राजश्व बाँडफाँड सङ्घीय सरकार अन्तर्गत विनियोजन भएकोमा सो श्रोतको बजेट समयमा नआएकोले शिक्षकहरुको तलव सो शिर्षकबाट खुवाउन नसकिएकोले न.पा. को आन्तरिक श्रोत भैपरी आउने चालु शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा नगर खेलकुद विकास समिति गठन गर्न सम्बन्धि कार्यविधि बनाउन विधयेक समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा भजनी क्लब भजनी न.पा.१ कैलालीलाई गौरी गंगा न.पा.मा संचालित चौथो मेयर कप महिला तथा पुरुष फुटबल प्रतियोगितामा सहभागिता जनाए बापतको बिल बमोजिमको रकम रु ४९,५००।- भुक्तानी गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

केवल चौधरी
नगर प्रमुख